जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ६ २०७८ साल साउन ७ गते बिहीबार (22 July 2021 Thursday) मूल्य रु. ५/-

*Log on : rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : संवैधानिक व्यवस्थाको ६ ... ३ पृष्ठमा : एक वर्षमा एक हजार ... ३ पृष्ठमा :चौथो वेभ आएको दक्षिण...

# काँग्रेस सप्तरीको सभापति पदका लागि १३ जना आकांक्षी

**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन ।**

नेपाली काँग्रेसको जिल्ला अधिवेशन नजिकिदै जाँदा सभापती पदका आकाक्षी पनि थपिदै गएका छन् ।

काँग्रेसको वडा र पालिका स्तरको अधिवेशनको मिती केही हेरफेर गरिएपनि जिल्ला अधिवेशन तोकेकै मिति साउन १६ गते हुने तय भएको काँग्रेस सप्तरीका प्रवक्ता प्रभात कुमार ललनले जानकारी दिएका छन् ।

जिल्लामा नेतृत्वका लागी अहिले सम्म १३ जनाले दाबेदारी गर्दै उम्मेदवारी घोषणा गरिसकेका छन् । पछिल्लो पटक बुधवार




उम्मेदवारी घोषणा गर्नेहरुमा नन्द किशोर यादव, भगवती प्रसाद यादव, रामु यादव र महेन्द्र प्रसाद यादव छन् ।

यसअघि देउवा पक्ष मानिएका शत्रुघन प्रसाद यादव, निर्मला कुमारी यादव, फत्तेहमहमद, राम प्रसाद मण्डल र ललन प्रसाद गुप्ताले उम्मेदवारी घोषणा गरिसकेका छन् ।

यस्तै पौडेल पक्ष मानिएका रामदेव साह, बद्री माहात्मान, नारायण प्रसाद चौधरी तथा आफुलाई दुबै पक्षका भन्न रुचाउने वर्तमान कार्यसमितीका सचिव रामकुमार यादवले पनि यस अघि नै उम्मेदवारी घोषणा गरी क्रियाशिल सदस्यहरुसँगको भेटघाट र उनीहरुको मत तान्न घरदैलो अभियान तिब्र बनाई सकेका छन् ।

जिल्ला अधिवेशनले सभापतीसहित दुई उपसभापति, दुई सचिव र दुई सहसचिवको निर्वाचन गर्नेछन । कार्यसमितिमा प्रत्येक पालिकाबाट सदस्य निर्वाचित हुने छन् । यस्तै निर्वाचित सदस्यमध्येबाट एक जनालाई सभापतीको प्रस्तावमा जिल्ला कार्यसमितिले कोषाध्यक्ष पदमा चयन गर्ने ब्यवस्था छ ।

कार्यसमितिमा महिला, दलित, आदीवासी, जनजाती, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्रबाट जनसंख्याका आधारमा सामानुपातिक रुपमा सदस्यहरु निर्वाचित हुने छन् भने सभापतीले कुल संख्याको २० प्रतिशत सदस्य मनोनित गर्न पाउने छन् ।

काँग्रेसमा नेतृत्व चयन गर्न

*बाँकी अन्तिम पृष्ठमा*

## बस दुर्घटना हुँदा एकको मृत्यु, एक दर्जन घाइते


**दैनिक समाचारदाता**
**सिरहा, ६ साउन ।**

सिरहामा मंगलबार राती यात्रुबाहक बस दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने १३ यात्रु घाइते भएका छन् ।

जिरोमाइल-बडियारपट्टी सहायक सडकअन्तर्गत धनगढीमाई नगरपालिका-५ सन्तनगरमा जिरोमाइलबाट बडियारपट्टी जाने क्रममा बा२ख ७१ नंको बस पल्टिँदा बसमा सवार बरियारपट्टि गाँउपालिका ३ निवासी ३५ वर्षीय गणेश मुखियाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

तीव्रगतिमा गइरहेको बस अनियन्त्रित भई दुर्घटना हुँदा मुखियाको घटनास्थलमै मृत्यु भएको जनाएको छ । दुर्घटनामा परी घाइते भएका १३ जनाको


*बाँकी अन्तिम पृष्ठमा*




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**दुई पाङ्ग्रे सवारी साधनको अगाडी/पछाडी स-साना बालबालिका राखी सवारी साधन चलाउँदा अनिवार्यरुपमा बालबालिकालाई सुरक्षित बेल्टले बाँधी आवश्यकताअनुसार हेल्मेटसमेत लगाईदिने गरौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं

# एकतामा आउन अध्यक्ष ओलीको आग्रह

काठमाडौँ, ७ साउन (रासस) ।

प्रमुख प्रतिपक्षी नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आफ्नो राजनीतिक जीव र कम्युनिष्ट आन्दोलन जोगाउनुपर्नेमा जोड दिँदै असन्तुष्ट पक्षलाई एकतामा आउन आग्रह गर्नुभएको छ ।

केन्द्रीय कमिटीको जारी १० पूर्ण बैठकको तेस्रो दिन बुधबार अध्यक्ष ओलीले १० बुँदे सहमतिलाई कार्यान्वयन गर्दै आन्तरिक एकताका लागि अन्तिम समयसम्म प्रयास आफू तत्पर रहेको स्पष्ट गर्नुभयो ।

सर्वोच्च अदालतको गत असार २८ गतेको फैसला संसदीय व्यवस्थानुकूल नभएको टिप्पणी गर्दै जनताको चाहनालाई कुच्चेर केही नेताले गद्दारी गरेकाले आफ्नो नेतृत्वको सरकार ढलेको बताउनुभयो । "मसँग अब अरु आग्रह छैन । म एकताको मोही अझै मथ्दै छु । सकभर सत्ता गठबन्धनमा लागेका सबै पार्टीका नेतालाई आफ्नो राजनीतिक जीवन बचाउन आन्दोलन बचाउन अनुरोध गर्छु", अध्यक्ष ओलीले बैठकमा भन्नुभयो ।

पार्टीको नीतिविपरीत नेपाली काँग्रेसका सभापति देउवालाई प्रधानमन्त्रीमा विश्वासको मत दिने नेता माधवकुमार नेपालसहित २२ सांसद्लाई स्पष्टीकरण सोधेको एमालेले त्यसबारे जवाफ आएपछि निर्णय गर्ने एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिनुभयो

ललितपुरको च्यासलस्थित तुल्सीलाल स्मृति प्रतिष्ठानमा जारी सो पार्टीको १०औँ केन्द्रीय कमिटी बैठकमा अध्यक्ष ओली नेतृत्वको निवर्तमान सरकारका उपलब्धि, सर्वोच्च अदालतको असार २८ गतेको फैसला पार्टीको आगामी कार्ययोजना, पार्टीको सुदृढीकरण र शुद्धीकरण अभियानलगायत विषय कार्यसूची रहेका छन् ।

बुधबारको बैठकले संविधानको धारा ७६ (५) को सरकार बनाउँदा दलीय ह्विप नलाग्ने फैसला गरेकाले उक्त दफालाई संशोधन गर्ने पहल गर्ने निर्णय गरेको प्रवक्ता ज्ञवालीले जानकारी दिनुभयो । बैठकले ओली नेतृत्वको सरकारले विविध चुनौतीका बीच विकास र समृद्धिका पक्षमा उपलब्धि हासिल गरेको र प्रतिपक्षमा रहेर संविधान, लोकतन्त्र र राष्ट्रियताका सम्बन्धमा सशक्त र प्रभावकारी काम गर्ने निर्णय गरेको छ । नेता ज्ञवालीले हालको स्थितिबाट निराश नहुन कार्यकर्तालाई आग्रह गर्दै पार्टीको शक्ति पुनःफर्काइने जनाउनुभयो । अर्को बैठक बिहीबार दिउँसो ३ बजे पुनःबस्नेछ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# संवैधानिक व्यवस्थाको ६ वर्षमा पनि मिलेन आमाको नाममा नागरिकता

काठमाडौँ, ६ साउन (रासस) ।

संविधानको धारा १२ मा आमाको नामबाट नागरिकता लिन पाउने स्पष्ट व्यवस्था छ । संविधान जारी भएको छ वर्ष पुग्न लाग्दासमेत गोकर्णेश्वर नगरपालिका-५ निवासी यवेश अधिकारीले पटकपटक प्रयास गर्दा पनि अहिलेसम्म आमाको नामबाट नागरिकताको प्रमाणपत्र पाउनुभएको छैन ।

महिला, कानून र विकास मञ्चले बुधबार जुम प्रविधिबाट आयोजना गरेको सञ्चारकर्मीसँगको अन्तर्क्रिया कार्यक्रममा उहाँले यस्तो गुनासो गर्नुभएको हो । आमाको नामबाट नागरिकता नपाउने यवेश एक्ला भने हुनुहुन्न । सर्लाहीकी अञ्जली साहलाई छ महिना नपुग्दै बाबुले छोडेकाले अहिले आमाको नामबाट नागरिकता लिन पटकपटक प्रयास गर्दापनि असफल हुँदै आएको उहाँले बताउनुभयो ।

नागरिकता नभएकै कारण साहले विदेश गएर पढ्ने अवसरसमेत गुमाउनुभयो । नागरिकताकै कारण रुचि नभएको विषय पढ्नु परेको र काम गर्नसमेत नपाएको उहाँको गुनासो थियो । आमाको वंशजको नागरिकता भए पनि बागलुङ निवासी अञ्जलीलाई भनै नागरिकताकै लागि भौँतारिरहनुपरेको छ ।

भरतपुर महानगरपालिका-१ निवासी विकास नेपालीले पनि आमाका नामबाट नागरिकता लिन सक्नुभएन । अहिले आमा बितेपछि दलालले आमाको नामको जग्गासमेत हडपेका छन् ।

"विद्यालय र क्याम्पसमा अध्ययनका क्रममा प्रथम भएको थिएँ, दोस्रो हुने साथीले बैंकमा प्रबन्धकको जागीर खाएका छन्, म नागरिकता नभएकैले अलपत्र छु, आमाले जोडेको सम्पतिमा समेत अरुले अधिकार जमाउन खोजेका छन्"-उहाँले भन्नुभयो ।

काठमाडौँ महानगरपालिका निवासी सरिता (नाम परिवर्तन) आमाको दोस्रो विवाह भएपछि नागरिकताका कारण आफूले पहिचानसमेत गुमाउनुपरेको गुनासो गर्नुभयो । विद्यालयमा बुबाको नाम भनी काकाको नाम लेखिएको थियो । शैक्षिक प्रमाणपत्रमा काकाको नाम नै बाबुको महलमा लेखिएको छ । पहिचान नै सङ्कटमा परेकाले उहाँको उच्च शिक्षासमेत पूरा हुनसकेको छैन ।

मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले संविधानसभाबाट पारित संविधान कार्यान्वयनमा आएपनि नागरिकताको विषय भने अपूरो भएको बताउनुभयो । संविधानको धारा १२ र ३८ मा उल्लेखित नागरिकतासम्बन्धी नयाँ व्यवस्थाबमोजिम नागरिकता ऐनमा संशोधन नभएकाले यो विषयलाई कार्यान्वयनमा ल्याउन कठिन भएको उहाँको भनाइ थियो ।

धनुषास्थित गणेशमान सारनाथ नगरपालिका-३का इन्द्रजीत साफीले साहूसँग रु पाँच लाख ऋण लिएर इञ्जिनीयरिङ विषय अध्ययन गर्नुभयो । अध्ययन पूरा गरेपछि निजीस्तरबाट सञ्चालित जलविद्युत् आयोजनामा काम गर्न शुरु गरेको केही दिनमै उहाँको नागरिकताका प्रतिलिपि मागियो ।

प्रतिलिपि उपलब्ध गराउन नसकेपछि आफूले रोजगारीबाट हात धुनुपर्‍यो । अध्ययन गर्न लिएको ऋणको ब्याज बढ्दै गएकाले अहिले आफू र आफ्नो परिवार नै चिन्तामा डुबेको छ । "साहुको ऋण बढेर रु १५ लाख भएको छ, रातदिन पैसा माग्न आउँछन्, नागरिकता नभएकै कारण मैले पाएको निजीस्तरको जागीरसमेत गुमाउनुपर्‍यो, अब मैले कसरी ऋण तिर्ने?, साहूको सधैँको किचकिचले आत्महत्या गरौँ कि जस्तो लाग्न थालेको छ" उहाँले भन्नुभयो ।

आफ्ना चार भाइले १२ कक्षासम्मको अध्ययन गरेका छन् भने बहिनीले पनि स्नातक अध्ययन गरेकी छिन् तर नागरिकता नभएकैले कसैले पनि सामान्य रोजगारीसमेत पाउन नसकेका कारण मानसिक तनावमा रहेको साफीको भनाइ थियो ।

धनुषाकै चन्दन मुखर्जीले पनि नागरिकता नभएकै कारण यस्तै समस्या भोग्नुपरेको छ भने महोत्तरीका अर्जुन साहले पनि नागरिकता नभएकैले पढ्न पनि छोडेको गुनासो गर्नुभयो । नागरिकतामा पटकपटक राजनीति हुँदै आएकोले पीडित झन झन दुःखी छन् । वि.सं २०७४ जेठ ३ गते सर्वोच्च अदालतले नागरिकता दिलाउन आदेश जारी गरेपछि योगेश अधिकारीले आमाको नाममा नागरिकता लिएको मञ्चका कार्यकारी निर्देशक श्रेष्ठले जानकारी दिनुभयो ।

तर यो आदेश अन्यका हकमा कार्यान्वयन हुन नसकेकाले नागरिकता पीडित चालू अधिवेशनमै नागरिकता विधेयक पारित गराउनका लागि दबाब दिन लागिपरेका छन् । साउनको तेस्रो साता संसद भवनअगाडि धर्ना दिने तयारी भएको पीडित साफीले बताउनुभयो । विधेयक पारित नभएसम्म धर्ना जारी राख्ने नागरिकता पीडितहरूको तयारी छ ।

पचासभन्दा बढी नागरिक संस्थाका तर्फबाट नागरिकतासम्बन्धी समस्या छिटो समाधान गर्न संसदमा प्रतिनिधित्व गर्ने सबै दलका प्रमुख सचेतकलाई ज्ञापन पत्र बुझाइएको थियो । मञ्चमा ५००भन्दा बढी नागरिकताविहीनको अभिलेख छ । राज्य व्यवस्था तथा सुशासन समितिले संसदमा प्रस्तुत गरेको विधेयक यसपटक पारित गराएर मात्र घर फर्कने भन्दै एक हजार नागरिकता पीडित राजधानीमा जम्मा हुने तयारीमा छन् ।

# १८ वर्ष माथिकालाई पनि जोन्सन एन्ड जोन्सन खोप

काठमाडौँ, ६ साउन (रासस) ।

कोरोना भाइरस विरुद्धको जोन्सन एन्ड जोन्सन खोप काठमाडौँ जिल्लामा १८ वर्षमाथिका सबैलाई लगाइएको छ ।

खोप अभियानमा काठमाडौँ जिल्लामा सोचेभन्दा कमले लगाएको र खोप बच्ने भएकाले १८ वर्षमाथिका सबैलाई खोप लगाइएको स्वास्थ्य सेवा विभागको परिवार कल्याण शाखाका निर्देशक डा तारानाथ पोखरेलले जानकारी दिनुभयो ।

अहिले खोप लगाउनका लागि काठमाडौँ जिल्लाका ४४ वटा खोप केन्द्रमा भीड रहेको छ । उहाँले खोप भोलिसम्म खोप केन्द्रमा गएर लगाउन सकिने बताउनुभयो । उहाँले जोन्सन एन्ड जोन्सन खोपबारे नकारात्मक हल्ला भएपछि मानिसहरूले कम लगाएको हुनसक्ने भन्दै खोपले कुनै नकारात्मक प्रभाव नपार्ने बताउनुभयो ।

प्रधानमन्त्री शेरबहादुर देउवाले यही साउन ४ गते खोप अभियानको शुभारम्भ गर्नुभएको थियो । भोलिसम्म लगाइने खोप शुरुमा ५० देखि ५४ वर्ष उमेर समूहका सबैलाई भनिएको थियो । अमेरिकाले नेपाललाई १५ लाख ३४ हजार ८५० मात्रा जोन्सन एन्ड जोन्सन खोप कोभ्याक्स सुविधाअन्तर्गत यही असार २८ गते अनुदानमा उपलब्ध गराएको थियो ।

जोन्सन एन्ड जोन्सन खोप पूर्ण र अति अशक्त अपाङ्गता भएका नागरिक, नेपालमा बसोबास गरिरहेका शरणार्थी, स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी र सरसफाइकर्मी, यसअघिको अभियानमा खोप लगाउन छुट भएकालाई लगाइँदैछ । नेपालमा अहिलेसम्म ३१ लाख ५० हजार ९५६ जनाले पहिलो मात्रा र ११ लाख ५८ हजार १३० जनाले दोस्रो मात्रा खोप लगाइसकेका छन् ।

# सङ्क्रमणकालीन न्याय छिटो दिन माग

काठमाडौँ, ६ साउन (रासस) ।

दशवर्षे सशस्त्र द्वन्द्वपछि विस्तृत शान्ति सम्झौता भएको लामोसमय वितिसक्दा पनि सङ्क्रमणकालीन न्याय निष्कर्षमा पुग्न सकेको छैन ।

शान्ति प्रक्रियाका धेरै काम पूरा भए पनि पीडितलाई न्याय दिने काम आफै पूरा हुनसकेको छैन । द्वन्द्वका पीडित पक्षले न्याय निरुपणको काम छिटो अगाडि बढाउन माग गरिरहेका छन् । मिडिया एड्भोकेसी ग्रुप (म्याग) ले बुधबार आयोजना गरेको 'सत्य निरुपण आयोग र न्यायका मुद्दा' विषयक अन्तर्क्रियाका सहभागी द्वन्द्वपीडित तथा घाइतेहरूले छिटो न्यायका लागि आग्रह गरे ।

कर्णाली प्रदेशको आन्तारिक मामिला तथा कानूनमन्त्री सीता नेपालीले पीडितलाई न्याय दिन ढिला भइरहेको र वर्तमान सरकारले तत्काल न्याय दिन पहल गर्नुपर्ने बताउनुभयो । सत्तापक्ष र विद्रोहीपक्ष अहिले सरकारमा रहेको अवस्थमा भएकाले पीडितलाई न्याय दिनुपर्ने वर्तमान सरकारको काँधमा रहेको उहाँको भनाइ थियो ।

उहाँका अनुसार कर्णाली प्रदेशका तर्फबाट शहीद र घाइते परिवारलाई जीविकोपार्जनसम्बन्धी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र ललितपुर स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग पनि सहकार्य गरेर घाइतेको उपचार भइरहेको छ ।

अधिवक्ताद्धय गोविन्द बन्दी र एकराज भण्डारीले उक्त विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमा पीडितको अपनत्व हुनेगरी सर्वोच्च अदालतको फैसलाअनुसार ऐन संशोधन गरेर पीडितलाई न्याय दिनुपर्ने उल्लेख छ ।

कार्यक्रममा सहभागी द्वन्द्वपीडितले न्याय पर्खाइ लामो भएको र छिटो न्याय दिने विषयमा राज्यले सोच्नुपर्ने र न्याय दिन राजनीतिक दल इमान्दार हुनुपर्ने धारणा राखेका थिए ।

म्यागका संस्थापक अध्यक्ष बबिता बस्नेतले द्वन्द्वपीडितलाई न्याय दिन भइरहको प्रक्रिया र न्याय छिटो दिलाउन पहल गर्ने उद्देश्य साथ छलफलको आयोजना गरेको बनाउनुभयो ।

# एक वर्षमा एक हजार व्यापारिक फर्म कारवाहीमा

काठमाडौँ, ६ साउन (रासस)।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गत आवमा एक हजारभन्दा बढी फर्म तथा कम्पनीलाई कारवाही गरेको छ। विभागले गत आर्थिक वर्ष २०७७/७८ मा गरेको बजार अनुगमनका क्रममा अनुचित व्यापारिक क्रियाकलापमा संग्लन भएका एक हजार ३५ व्यापारिक फर्म/कम्पनी तथा उद्योग कारवाहीमा परेका हुन्।

एक वर्षको अवधिमा विभागले दुई हजार ९४७ फर्मको अनुगमन गरेको थियो। तीमध्ये ६६ फर्म सामान्य अवस्थामा रहेका, एक हजार ५९७ फर्मलाई सामान्य सुधार, ३९७ फर्मलाई आवश्यक कागजात तथा स्पष्टीकरण सोधिएको थियो। विभागको तथ्याङ्कअनुसार ३७ फर्मबाट परीक्षणका लागि वस्तुको नमूना सङ्कलन, ३८ फर्मको कारोवार रोक्का, १९ जनालाई अभियोग लगाइएको र तीनवटा साधन नियन्त्रणमा लिइएको थियो।

कारवाहीमा परेका उद्योगलाई लगाइएको जरिवानावापत रु दुई करोड ३९ लाख ८२ हजार बराबर राजश्व सङ्कलन भएको विभागका प्रवक्ता शिवराज सेढाईंले जानकारी दिनुभयो। उहाँका अनुसार एक वर्षको अवधिमा रु तीन करोड७३ लाख ८४ हजार ४०१ बराबरको अखाद्य वस्तु नष्ट गरिएको छ।

**पाँच कार्यालयबाट एक हजार ३४७ फर्मलाई कारवाही**

विभागअन्तर्गत रहेका पाँच कार्यालय (विराटनगर, वीरगञ्ज, भैरहवा, नेपालगञ्ज र धनगढी)ले गत आवमा एक हजार ३४७ व्यापारिक फर्मलाई कारवाही गरेका छन्। ती फर्मलाई कारवाही स्वरुप जरिवाना गर्दा एक वर्षको अवधिमा रु तीन करोड ३३ लाख ७० हजार राजश्व सङ्कलन भएको छ। चार हजार ७७९ व्यापारिक फर्मको अनुगमन गरिएकामा ५१ फर्मको कारोवार रोक्का गरिएको थियो। साथै रु तीन करोड ९८ लाख ५३ हजार २५९ बराबरको म्याद सकिएको वस्तु नष्ट गरिएको थियो।

त्यस्तै चार हजार ४१ अन्य फर्मलाई समेत कारवाही गरिएको विभागले जनाएको छ। विभागले उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम अनुचित व्यापारिक कारोवार गर्ने फर्मलाई कारवाहीस्वरुप आर्थिक जरिवाना गर्दै आएको छ।

# महामारी प्रभावित उद्योग-व्यवसाय बचाउन राहत 'प्याकेज' ल्याउने प्रमको घोषणा

काठमाडौँ, ६ साउन (रासस)।

प्रधानमन्त्री शेरबहादुर देउवाले कोरोना महामारीका कारण प्रभावित उद्योग-व्यवसायलाई बचाउन राहत 'प्याकेज' ल्याइने घोषणा गर्नुभएको छ।

नेपाल उद्योग परिसङ्घको १८ औँ वार्षिक साधारणसभाको उद्घाटन गर्दै उहाँले निजी क्षेत्रका सबै उद्यमी-व्यवसायी र सम्बन्धित क्षेत्रका विज्ञसँगको परामर्शमा महामारी प्रभावित उद्योगधन्दालाई उकास्ने प्याकेज ल्याउने सोचमा आफू रहेको बताउनुभयो। सबै नागरिकका लागि कोभिड-१९ विरुद्धको खोप निःशुल्क उपलब्ध गराउनु आफ्नो पहिलो प्रथमिकता भएको स्पष्ट गर्दै प्रधानमन्त्रीले आर्थिक विकास र लगानी प्रवर्द्धनलाई पनि उच्च प्राथमिकतामा राखेर सरकारले काम गरिरहेको जानकारी गराउनुभयो।"

सविकासलाई हामीले प्राथमिकता दिएका छौँ, तर त्योभन्दा पहिले आम नागरिकको ज्यान जोगाउने विषय महत्वपूर्ण हो", उहाँले भन्नुभयो, "महामारीबाट पार पाउनु चुनौतीपूर्ण छ, हाम्रो पहिलो प्राथमिकता खोपको व्यवस्था नै हो।"

अर्थमन्त्री जनार्दन शर्माले आत्मनिर्भर अर्थतन्त्रको आवश्यकता बोध कोभिडको महामारीले गराएको विचार व्यक्त गर्दै परिसङ्घको 'मेक इन नेपाल' - स्वदेशी उत्पादन प्रवर्द्धन अभियानको सराहना गर्नुभयो। उहाँले महामारीका कारण थलिएको अर्थतन्त्रलाई उजिल्याउन निजी क्षेत्रलाई विश्वासमा लिएर सरकार अघि बढ्ने दृढता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "निजी क्षेत्रको प्रतिस्पर्धी क्षमता अभिवृद्धिमा सरकारले सघाउनेछ।"

परिसङ्घका संस्थापक अध्यक्ष विनोदकुमार चौधरीले विद्वत् समूहको रुपमा परिसङ्घले काम गरिरहेकामा कृतज्ञता व्यक्त गर्दै प्रजातन्त्रको अभ्युदयसँगै नेपाली काङ्ग्रेस नेतृत्वको सरकारले प्रारम्भ गरिएका आर्थिक सुधारका कार्यक्रममले निजी क्षेत्रको लगानी अभिवृद्धि, आन्तरिक राजश्व परिचालनमा योगदान भएको बताउनुभयो। उहाँले बदलिएको वर्तमान परिवेशमा अब दोस्रो चरणका सुधारका कार्यक्रमम आउनुपर्नेमा जोड दिनुभयो।






# खुकुरी प्रहार गरी वृद्धको हत्या

गाईघाट, ६ साउन (रासस)।

उदयपुर जिल्लाको त्रियुगा नगपालिका-८ उत्तराई टोलमा बुधबार बिहान ५ बजे खुकरी प्रहारबाट एक वृद्धको हत्या भएको छ।जिल्ला प्रहरी कार्यालय उदयपुरका अनुसार खुकुरी प्रहारबाट मृत्यु हुने वृद्ध उत्तराई टोलका ६५ वर्षीय मोहिकर चौधरी रहेका छन् भने हत्यामा संलग्न त्रियुगा-१३ का ४५ वर्षीय किसन सदा रहेका छन्।

प्रहरीका अनुसार सदा केही समययतादेखि चौधरीको घरमा कामदारका रूपमा बस्दै आएका थिए। बुधबार बिहानै केही कुरामा चौधरी र सदाबीच विवाद भएपछि सदाले चौधरीकै घरको खुकुरी झिकेर चौधरीको टाउकामा प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले बताएको छ।

घटना हुनासाथ स्थानीयवासीले प्रहरीमा खबर गरेपछि जिल्ला प्रहरीको टोली घटनास्थलमा पुगेर अहिले शवको मुचुल्का सर्जमिन गर्ने कार्य शुरु गरेको छ। चौधरीको हत्यामा संलग्न खुकरी प्रहार गर्ने सदा र खुकुरी प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी उदयपुरका प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले बताउनुभयो।

## विश्व समाचार

# चौथो वेभ आएको दक्षिण कोरियामा २४ घन्टामा अहिलेसम्मकै बढी सङ्क्रमित

सोल, ६ साउन (रासस/सिन्ह्वा)।

कोरोना भाइरस कोभिड-१९ को चौथो वेभ देखिएको भनिएको दक्षिण कोरियामा कोभिड-१९का अहिलेसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भेटिएका बताइएको छ।

यहाँका अधिकारीले मंगलबार यहाँ धेरैजना कोरोना भाइरसका सङ्क्रमित बढिरहेको बताएका समाचारमा जनाइएको छ। दक्षिण कोरियाका अधिकारीले दिएको जानकारीअनुसार यहाँ गएको २४ घन्टायताको तथ्याङ्क हेर्दा कोभिड-१९ का सङ्क्रमित एकै दिनमा अहिलेसम्मकै सबैभन्दा धेरै संख्यामा भेटिएका छन्।

दक्षिण कोरियाको राजधानी सोलबाट प्राप्त समाचारअनुसार यहाँ पछिल्लो समयमा राजधानी सोल महानगरपालिका क्षेत्रमा नै धेरै सङ्क्रमित पाइएको बताइएको छ।

यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीले दिएको जानकारीअनुसार गएको २४ घन्टा यता मात्र एक हजार ७८४ जना कोभिडका सङ्क्रमित भेटिएका हुन्। दक्षिण कोरियाका अधिकारीले दिएको जानकारीअनुसार यहाँ गएको छ महिनापछि एकै पटक यतिधेरै संख्याका सङ्क्रमित पहिलो पटक देखिएका हुन्।

यहाँका अधिकारीले दक्षिण कोरियामा गएको हप्तादेखि निरन्तररुपमा सङ्क्रमित बढ्दै गएको पनि बताएका हुन्।

उनीहरुका अनुसार दक्षिण कोरिया कोभिड सङ्क्रमणको चौथो वेभमा प्रवेश गरेको छ। जसका कारण यहाँको सरकारले स्वास्थ्य मापदण्ड अपनाउने काममा कडाइ गरेको छ।

योसँगै दक्षिण कोरियामा कोभिडका सङ्क्रमितको संख्या एक लाख ८२ हजार ७२२ जना पुगेको बताइएको छ। यहाँ पछिल्ला केही हप्ता यतादेखि कोभिडका सङ्क्रमितको संख्या बढ्दो देखिएको हो।

अधिकारीले यही जुलाई १ देखि देशैभर देखिएको सङ्क्रमितको संख्या देशव्यापी तथ्यांकको हिसाब गर्दा अघिल्ला तीन हप्ताको तुलनामा हाल त्यहाँ सङ्क्रमित कम्तीमा पनि ५६ प्रतिशत बढेका छन्।

यसरी प्रत्येकदिन संख्या बढ्दै गएका कारण पनि दुई हप्ता अघि नै यहाँका स्वास्थ्य अधिकारीले दक्षिण कोरिया कोरोना महामारीको चौथो चरणमा प्रवेश गरेको बताएका थिए। मंगलबार देखिएका यी सङ्क्रमतिमा आधाभन्दा बढी राजधानी सोलकै रहेका पाइएको छ।

कोरिया सरकारले यहाँ कोरोना विरुद्धको खोपको अभियानलाई ब्यापक बनाइएको जनाएको छ। पछिल्लो समयमा सङ्क्रमितको संख्या बढ्दै गएपछि खोप अभियानलाई झन् तीव्र बनाइएको छ।

# भारतमा थप ४२ हजार १५ नयाँ सङ्क्रमित

नयाँदिल्ली, ६ साउन (रासस/सिन्ह्वा)।

भारतमा कोरोनाभाइरसबाट नयाँ ४२ हजार १५ जना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार जानकारी दिएको छ। भारतमा हाल कुल सङ्क्रमितको सङ्ख्या तीन करोड १२ लाख १६ हजारभन्दा बढी पुगेको छ।

भारतमा अहिले पनि कोरोनाभाइरसबाट सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या चार लाख सात हजार १७० रहेको अधिकारीले जनाएका छन्। पछिल्लो एक दिनमा कोरोनाभाइरसका कारण थप ४८९ जनाको मृत्यु भएको छ। तर महाराष्ट्र राज्यले कोरोना सङ्क्रमणका कारण पहिले नै ज्यान गुमाएका तर तथ्याङ्कमा छुटेका व्यक्तिको नाम दिएको हुनाले गत २४ घण्टामा कोरोना सङ्क्रमितको कारण मृत्यु भएकाको संख्या तीन हजार ९९८ भएको मन्त्रालयले बुधबार जानकारी दिएको छ।

कोरोनाभाइरसबाट मृत्यु भएकाको कुल सङ्ख्या भारतमा अहिलेसम्म चार लाख १८ हजार ४८० पुगेको पनि सो मन्त्रालयले जनाएको छ। गत २४ घण्टामा ३६ हजार ९७७ कोरोना मुक्त भएपछि भारतमा तीन करोड तीन लाख ९० हजार ७१० व्यक्ति कोरोना मुक्त भएका छन्।

भारतको चिकित्सा अनुसन्धान परिषद्ले अहिलेसम्म कुल ४४ करोड ९१ लाख ५३ हजार २७३ जनाको स्वाब परीक्षण गरिएको छ।

त्यसैगरी गत जनवरी १६ बाट भारतमा कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि अहिलेसम्म ४१ करोड ५४ लाख ७२ हजार ४५५ ओटा कोरोना भाइरसविरुद्धको खोप प्रयोग भएको छ।

# अमेरिकाद्वारा रकेट आक्रमणको निन्दा

वासिङटन, ६ साउन (रासस/एएनआइ)।

अफगानिस्तानको राजधानी काबुलमा अवस्थित राष्ट्रपति भवननजिकै भएको रकेट आक्रमणको संयुक्त राज्य अमेरिकाले निन्दा गरेको छ। स्थानीय समयानुसार मंगलबार ईदको प्रार्थना भईरहेको समयमा राष्ट्रपति भवनलाई लक्ष्य गर्दै आक्रमण भएको थियो।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले मंगलबार पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुँदै काबुलमा रहेको राष्ट्रपति भवननजिकै भएको रकेट आक्रमणको निन्दा गर्नु भएको हो।

संयुक्त राज्य अमेरिकाले अफगानिस्तानमा हिंसाको अन्त्य र शान्ति पुनःस्थापनाको गर्न आह्वान गरिरहेको र हामी राजनीतिक बस्तीमा जानको लागि द्रुत मार्ग र हिंसा अन्त्यको लागि आह्वान गर्दछौं प्राइसले पत्रकार सम्मेलनमा भन्नु भएको छ।

मंगलबार बिहान ईदको प्रार्थनाको क्रममा राष्ट्रपति भवननजिकैका क्षेत्रमा तीन रकेट आक्रमण भएको जनाइएको छ।

प्रवक्ताले अफगानिस्तानका जनता न्याय र स्थायी शान्तिको चाहनामा एकजुट रहेका र अमेरिका यसलाई कार्यान्वयन गर्नका लागि तयार रहेको बताउनु भएको छ। ईदको नमाजपछि समारोहमा बोल्नु हुँदै अफगानिस्तानका राष्ट्रपति अशरफ घानीले तालिबानको निन्दा गर्दै उनीहरूसँग शान्तिको चाहना नभएको बताउनु भएको छ।

# मानवअधिकारको सम्मान, प्रवर्द्धन, संरक्षण गर्नका निम्ति मानवअधिकार समिति गठन

**दैनिक समाचारदाता राजविराज, ६ साउन ।**

नेपाल पत्रकार महासंघ, सप्तरीका अध्यक्ष श्रवणकुमार देवको संयोजकत्वमा निषेधाज्ञा/बन्दा बन्दीको समयमा मानवअधिकारको सम्मान, प्रवर्द्धन, संरक्षण र प्रत्याभुति गर्ने उद्देश्यले समिति गठन गरिएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगको पहलमा बुधबार राजविराजस्थित नेपाल पत्रकार महासंघको सभाहलमा बसेको एक बैठकले उक्त समिति गठन गरेको हो ।

समितिमा उच्च बार इकाईका अध्यक्ष भरत यादव, गैर सरकारी संस्था महासंघका कार्यबाहक अध्यक्ष बलदेव मण्डल, दलित गैरसरकारी संस्था महासंघका अध्यक्ष बौवालाल शर्मा सदस्य छन् ।

यस्तै एकल महिला समूहकी अध्यक्ष अनिता देबकोटा, अपांग महासंघका रामचन्द्र यादव, सेभ द सप्तरीका नरेन्द्र यादव, आदिवासी जनजाती पत्रकार महासंघ सप्तरीका अध्यक्ष प्रियासिंह थारु र सामाजिक अभियन्ता सुनिता साहलाई पनि सदस्यमा चयन गरिएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगको ऐन, २०६८ को दफा १८ र ३२ (२) अनुसार जारी गरिएको कार्यविधी बमोजिम समिति गठन गरिएको आयोगका प्रदेश २ प्रमुख बिरबहादुर बुढा मगरले जनाए ।

कोरोनाबाट उत्पन्न वर्तमान जटिल परिस्थितिमा मानव अधिकारको अवस्था अनुगमन गर्न राष्ट्रिय मानवअधिकार आयोग, नेपाल बार एशोसिएशन, नेपाल पत्रकार महासंघ र गैर सरकारी संस्था महासंघ, नेपाल चिकित्सक संघ था मानवअधिकार क्षेत्रमा क्रियाशिल अन्य पेशागत र बिषयगत महासंघ तथा संजालका प्रतिनिधी सम्मिलित मानव अधिकार संरक्षण समूहको गठन गरी सहकार्यलाई अझ व्यवस्थित गर्न तथा निषेधाज्ञा/बन्दाबन्दीमा समयमा पनि मानवअधिकारको सम्मान, प्रवर्द्धन, संरक्षण र प्रत्याभूतिका उद्देश्यले राष्ट्रिय मानवअधिकार आयोगको ऐन अनुसार समिति बनाइएको हो ।

बैठकमा आयोगका प्रदेश प्रमुख मगर, मानवअधिकार अधिकृत मनमाया राणा मगर, गैसस महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष ध्रुव देवसहितको उपस्थिति रहेको थियो ।

### *कांग्रेस सप्तरीको ...*

क्रियाशिल सदस्यहरु नै मतदाता रहने प्रावधान छ । वडामा रहेका क्रियाशिल सदस्यहरु मध्येबाट चुनिएका प्रतिनिधि पालिका, प्रदेश, प्रतिनिधिसभा क्षेत्र र जिल्लाको नेतृत्व चयन गर्नेछन् । सप्तरीमा कांग्रेसको करिब १८ हजार क्रियाशिल सदस्य रहेका छन् ।

### *बस दुर्घटना ...*

स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको प्रहरीले जनाएको छ । दुर्घटनालगत्तै चालक फरार रहेकाले खोजीकार्य जारी रहेको जनाएको छ ।




## राजविराज नगरपालिकाको कार्यालय, सप्तरी




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*